# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



भिक्षाटन गर्दै आउनु भएका भिक्षुहरू समक्ष भगवान् बुद्धलाई अपशब्द प्रयोग गरी गालि गरिरहेका विरोधी मानिसहरू

वर्षः ४२, अङ्कः ४

बु.सं. २५६८, असार पुन्हिः (गुरु पुन्हि)

# उपासक अष्टमान सिंह बनियाया सुस्वास्थ्य व दिर्घायु कामना यासे धर्मकीर्ति विहारय् न्हिच्छियंकं अभिधर्म पालि पाठ व धर्मदेशना



धर्मदेशना यानाबिज्यास्य श्रद्धेय धम्मवती गुरुमां



धर्मदेशना यानाबिज्यास्य श्रद्धेय सुजाता गुरुमां



धम्मसङ्गणी पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं धम्मवती, जवनवती व त्यागवती



विभङ्ग पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं प्रसन्नवती व पदुमा



धातुकथा पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं दानवती, मेत्तावती व सुवण्णवती



पुग्गल पञ्ञति पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं कशुम, श्रद्धा गौतमी, प्रीतिवती



कथावत्थु पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं वीर्यवती, शुभवती व कुशलवती



यकम पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं केशावती निर्मलत्राणी व भद्रत्राणी



पट्ठान पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं अनुपमा, सुजाता, धम्मविजया व ईन्दावती

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरू*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६८
नेपाल सम्बत् ११४४
इस्वी सम्बत् २०२४
बिक्रम सम्बत् २०८१

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**21st JUL 2024**


| वर्ष- ४२ | अङ्क- ४ | असार पुन्हि (गुरु पुन्हि) | साउन २०८१ |
|---|---|---|---|





**अभित्थरेथ कल्याणे - पापा चित्तं निवारये**
**दन्धं हि करोतो पुञ्ञं - पापस्मिं रमती मनो**

**"याकन याकन कुशल कर्मया। पापं चित्त लिचीकि। प्यानुसे च्वंक पुण्य याय्‌बले पापे मन लगेज्वी।"**

**"पुण्य कार्य चाँडै गरिहाल्नुपर्छ। मनमा कसैप्रति कुनै पाप चिताउनु हुँदैन। पुण्य कार्य गर्न बेर लगायो भने पाप कार्यमा चित्त जाने सम्भावना हुन्छ"**

**"A man should hasten to wards the good and should keep his thoughts from evil, if a man does what is good slothfully, his mind delights in evil "**

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | आवरण चित्र परिचय "भरपूर निन्दा" | – | २ |
| ३) | सम्पादकीय- धर्मचक्र प्रवर्तन दिवस | – | ३ |
| ४) | स्नेही छोरी "बन्धनागार" | – बर्मी भिक्षु र वे थ्वं महास्थविर | ४ |
| ५) | धम्मवती गुरुमांयात भिंतुना देछाना ! | – ऐश्वर्य लक्ष्मी ताम्राकार | ६ |
| ६) | मार्ग वर्ग | – सत्यमोहन जोशी | ७ |
| ७) | असाधारण व्यक्तित्वकी धनी भिक्षुणी धम्मवती | – प्रेमलक्ष्मी तुलाधर | ८ |
| ८) | धर्म शब्दको अर्थः एक अध्ययन–५ | – कुसलज्ञाणी गुरुमां | १० |
| ९) | धर्मकीर्ति समाचार | – | १२ |


आवरण चित्र परिचय

# भरपूर निन्दा

**– आचार्य सत्यनारायण गोयन्का**
**भावअनुवादः वीर्यवती**

उरुवेल काश्यप, मगध र अंग जनपद वासिन्दाहरूको सम्माननिय आचार्य थिए । उनका भाईहरू नदी काश्यप र गयाकाश्यप पनि उनीहरूका लागि पूज्य थिए । जब यी तीनजना नै जटिल सन्यासी र उनीहरूका १,००० जना जटिल सन्यासी शिष्यहरूले पनि कपाल काटी भगवान् बुद्धका अनुयायी भए, तब उनीहरूका मगध र अंग निवासी कतिपय श्रद्धालु भक्तहरूलाई ठूलो चोट पुग्यो ।

यसरी नै राजगीर निवासी आचार्य संजयका दुईजना प्रमुख शिष्यहरू – कोलित (मौद्‌गल्यायन) र उपतिष्य (सारीपुत्र) मात्र होइनन् उनीहरू संगसंगै उनीहरूका २५० जना शिष्यहरूले पनि आफ्ना आचार्यलाई त्यागी भगवान् बुद्धको अनुयायी भए । तब आचार्य (संजय) का मगध निवासी श्रद्धालु गृहस्थहरू सबै दुःखी भए ।

त्यति मात्र होइन, मगधका अनेक प्रशिद्ध-प्रशिद्ध गृहस्थहरू पनि भगवान् बुद्धका शिष्य बने । उनीहरू मध्ये अनेक व्यक्तिहरू प्रव्रजित पनि भए । यस घटनाले विरोधीहरूलाई अति दुखित तुल्यायो ।

जब भगवान् बुद्धको शिष्य भिक्षुहरू नगरमा भिक्षाटन गर्न जानुहुन्थ्यो, तब ती विरोधीहरूले उहाँ भिक्षुहरूलाई निन्दा र गाली गर्दै विभिन्न अपशब्द प्रयोग गर्न थाले । उनीहरूले यसरी भन्न थाले– गौतमले काश्यप बन्धुहरू र सञ्जयका शिष्यहरूलाई कपाल मुण्डन गराई त्यागी बनाए । यति गरेर मात्र उसको मन सन्तुष्ट नभई अब त उसले राजगृहका प्रशिद्ध-प्रशिद्ध गृहस्थहरूलाई समेत मुण्डन गरी आफ्नो शिष्य बनाउ थालेका छन् । अझ अरू कति जनालाई मात्रै यसरी त्यागी बनाउँदै हिंड्छ होला यसले आदि आदि ।"

यसरी अनेक लाञ्छना लगाउँदै उनीहरूले यसरी भगवान् बुद्धप्रति अनेक तरिकाले कुरा काट्दै हिंड्न थाले- "श्रमण गौतमले सधवा महिलाहरूका श्रीमान्‌हरूलाई छिनेर उनीहरूलाई विधवा बनाउँदै छ, सपुत्र आमाहरूबाट पुत्र छिनेर उनीहरूलाई पुत्रहीन बनाउनका लागि श्रमण गौतम यहाँ आएका रहेछन् ।"

जब भिक्षुहरूले नगरवासीहरूबाट यस्ता अपशब्द सुने, तब उनीहरू विहार फर्की भगवान् बुद्धलाई यी सबै घटना सुनाउन थाले । भगवान् बुद्धले भिक्षुहरूलाई धैर्य राख्नका लागि उपदेश दिनुभयो । उनीहरूलाई सम्झाउनु हुँदै भन्नुभयो– "यस्ता निन्दा चर्चा सुनी आफ्नो मन नविगार्नु । सिघ्र नै उनीहरूले जब सत्यलाई जान्नेछन्, तब उनीहरूले यसरी निन्दा गर्ने कार्य त्याग्नेछन् ।"

भगवान् बुद्धले जसरी भन्नुभयो, त्यसरी नै भयो । भगवान् बुद्धले जुन शिक्षा सिकाउनु भएको छ, त्यस शिक्षा कति कल्याणकारी रहेछ भन्ने कुरा मानिसहरूले विस्तारै

*( क्रमशः पेज ६ मा हेर्नुहोला )*

## ▪ सम्पादकीय ▪

# धर्मचक्र प्रवर्तन दिवस

बोधिज्ञान प्राप्त गर्नु भएपछि भगवान् बुद्धले पञ्च भद्रवर्गीहरूलाई मृगदावन सारनाथमा प्रथम पटक धर्मको चक्र घुमाउनु भएको थियो । यसलाई धर्मचक्र प्रवर्तन भनियो । धर्मचक्र घुमाउनु हुँदा उहाँले यसरी ज्ञान दिनुभएको थियो, यसलाई हामीले गहिरिएर बुझ्न अत्यावश्यक देखिन्छ । उहाँले भन्नुभयो–

"भिक्षु हो ! मैले दुःख छ, दुःखको कारण छ, दुःखबाट मुक्त हुन सकिन्छ र दुःखबाट मुक्त हुनका लागि आर्य अष्टाङ्गिक मार्गलाई अपनाउनु पर्दछ भन्ने ज्ञानलाई बोध गरें । त्यसैले अब मेरो ज्ञानको आँखा खुल्यो, जतातत्तै धर्मको प्रकाश देख्न सकेको छु । यो ज्ञान बुझ्नको लागि ठीक तरिकाले बुझ्ने बानी (सम्यक दृष्टि) चाहिन्छ । मिथ्यादृष्टि (गलत तरिकाले बुझ्ने) बानीलाई त्याग्तु पर्छ र आफ्नो चित्त शुद्ध गर्नु पर्दछ ।

भगवान् बुद्धले फेरि भन्नुभयो– भिक्षुहरू हो ! तिमीहरूले दुईवटा अतिमार्ग त्याग्नु पर्छ-

१) सुविधामुखी भई विलासी भौतिक सुख भोग्ने बानीलाई त्याग्नु पर्छ ।

२) ज्ञानको खोजीमा लागी आफ्नो शरीरलाई अनावश्यक दुःख दिने बानी त्याग्नु पर्छ ।

उपर्युक्त दुई अतिमार्गलाई त्यागी मध्यममार्ग अर्थात् बीचको मार्गलाई अपनाउनुपर्छ ।

भगवान् बुद्धले भन्नुभयो– "मैले आर्य अष्टाङ्गिक मार्गलाई खुब अभ्यास गरें र मेरो मनभित्र लुकी राखेका नराम्रा संस्कारहरू (क्लेश) लाई पखालें । चित्त शुद्ध भएपछि मात्र मैले बोधिज्ञान प्राप्त गर्न सफल भएँ ।

भिक्षुहरू हो ! सुन ! जन्मनु, बूढो हुनु, बिरामी हुनु, मृत्यु हुनु, मनपर्ने व्यक्तिसंग विछोड हुनुपर्ने, मन नपर्ने व्यक्तिसंग जीवन बिताउनु पर्ने, आफूले ईच्छा गरेको पूरा नहुनु र यो पञ्चस्कन्ध धारण गर्नुपर्ने सबै दुःख नै हुन् ।

पञ्चभद्रवर्गीहरू ! ध्यान दिएर सुन्नु ! मैले पहिला तिमीहरूलाई यस प्रकारको ज्ञानका कुराहरू कहिले पनि बताएको थिएन । मध्यम मार्गलाई अपनाई मैले बताएका ज्ञानका यी कुराहरूलाई बुझ्ने कोशिस गर । भगवान् बुद्धको तर्फबाट ज्ञानका यी महत्वपूर्ण कुराहरू सुनी भिक्षु कोण्डञ्य बोध हुनुभयो । उहाँले थाहा पाउनुभयो सिद्धार्थले बोधिज्ञान प्राप्त गरी बुद्ध हुन सफल हुनुभयो । यो साँचो कुरा हो । केहीदिन पछि पञ्चभद्रवर्गीहरू पाँचैजना बोध भए । त्यसपछि अन्य ५५ युवा वर्गहरू पनि बुद्ध समक्ष भिक्षु बने । यसरी भिक्षु संघको गठन भयो ।

वर्षावास तीन महिनासम्म भिक्षुहरूलाई तालिम दिएर बढी भन्दा बढी मानिसहरूलाई असल मानिस बनाउन ज्ञान प्रचार गर्न निर्देशन दिनुहुँदै भगवान् बुद्धले भन्नुभयो– मैले धर्मचक्र प्रवर्तन गर्नुको तात्पर्य नै सही धर्मलाई गतिशील बनाउनको लागि हो ।

"मा निवत्त अभिक्कम" अर्थात्- नरोक्नु ! राम्रो बाटोमा अगाडि बढ्दै जानु ।

धर्मचक्र प्रवर्तनको यस महत्वलाई बुझी यसलाई आफ्नो जीवनमा अभ्यास गर्दै हामीले पनि आफ्नो जीवन सफल पार्न सकौं ।



भिक्षुणी धम्मवती

# स्नेही छोरी (उपन्यास)

*भिक्षुणी धम्मवती गुरुमांको जीवनमा आधारित*

## १९. बन्धनागार

*लेखक-* **वर्मी भिक्षु र वे थवं महास्थविर**

*नेपालभाषा अनुवाद-* **भिक्षु ज्ञानपुर्णिक**, *नेपालीभाषा अनुवाद-* **मोतीकाजी शाक्य**

रंगूनबाट आएको लिखित आदेश पाउने बित्तिकै मिचीनाको जिल्ला अदालतले धम्मवतीलाई हवाईमार्ग मार्फत रंगून पठाइदिने निधो गऱ्यो । स्थविर धम्मावुधसँग राम्ररी छलफल गर्ने मौकासम्म पनि नदिइकन रंगून पठाइयो । धन्य, स्थविर धम्मावुधले महालेखापरिक्षक ऊ सांल्वी र श्रीमती दोएच्वेलाई लेखेको एउटा पत्रसम्म धम्मवतीलाई दिन भ्याएछ । धम्मवती बसेको हवाइजहाज बेलुकी ६ बजेतिर रंगून स्थित मंगालडुं एरोड्रममा ओर्ल्यो । अपर्झट रंगून पठाएकी धम्मवतीलाई कसैले लिन आउने त कुरै भएन । उनी आफ्नो साथमा खटेर आएको प्रहरीको पछि पछि लागेर जान बाध्य भई ।

त्यस प्रहरीको काम धम्मवतीलाई रंगून स्थित एउटा थानामा जिम्मा लगाउनु थियो । धम्मवती जिम्मा लगाउनुपर्ने थाना विमानस्थलबाट नजिक पर्ने 'भा' नामको थाना थियो । तर धम्मवतीले आफूलाई त्यसरी एउटा थानामा ल्याइएला भनेर सोचेकै थिइन । उसले त आफूलाई महालेखापरिक्षक ऊ सांल्वींको जिम्मा सुम्पिएला भनी ठानेकी थिई । आफ्नो सोचाइ विरुद्ध आफूलाई थानाको खोरमा हुल्न लागेको चाल पाएपछि धम्मवतीले खोरभित्र पस्न इन्कार गरी । उसले के तर्क गरी भने उसले त्यसरी थानामा बस्नु पर्ने कुनै अपराध गरेकी नै थिएन । तब त्यहाँ एक प्रकारको समस्या उठ्यो । धम्मवती खोरभित्र पस्न इन्कार गर्ने र थानाका प्रहरीहरू धम्मवतीलाई त्यो एक रात मात्रै भएपनि थानामा राख्न किन विवश छ भन्ने कुरो भाषाको समस्याले गर्दा राम्ररी सम्झाउन नसक्ने । त्यसैले अन्तमा कतैबाट एकजना हिन्दी बोल्न सक्ने व्यक्ति बोलाएर ल्याइ समस्या सुल्झाउने प्रयास भयो । हिन्दी बोल्न सक्ने व्यक्तिले धम्मवतीलाई यसरी सम्झाउन थाल्यो– "तपाईं एउटी विदेशी शीलवती हुनुहुन्छ । तपाईंले हाम्रो समस्या सम्झिदिनु पर्छ । आज रात परिसकेकाले तपाईंको लागि अन्य उचित व्यवस्था हुने सम्भावना भएन । त्यसैले मात्र तपाईंलाई यहाँ खोरमा ल्याइएको हो । आज एक रात तपाईंले यहीं बिताइ दिनुपऱ्यो । भोलि उचित व्यवस्था हुने नै छ ।"

"म चोर, डाँका अथवा त्यस्तै प्रकारको कुनै अपराधी होइन । मैले थानामा जानु पर्ने कुनै पनि अपराध गरेको छैन । म एउटी शीलवती हुँ । त्यसैले म एक रात के एक छिनको लागि पनि यो खोरभित्र पस्न चाहन्न । मसँग महालेखा-परिक्षक ऊ सांल्वींको नाममा लेखेको पत्र छ । मलाई तत्काल उहाँकहाँ पुऱ्याइदिने व्यवस्था होस् । मैले कहाँ कसरी बस्ने भन्ने व्यवस्था उहाँले नै गर्नुहुनेछ ।"

"त्यो कुरो हामीले अघि नै राम्ररी बुझिसकेका छौं । वास्तवमा त्यो कुरो थाहा पाएरै मलाई यहाँ बोलाइएको हो । मलाई यहाँ बोलाइनुको तात्पर्य तपाईंलाई सबै कुरा सम्झाउनको लागि हो । कुरो के छ भने, उहाँको घर यहाँ बाट धेरै टाढा छ । अर्को कुरो उहाँ अहिले घरमा पनि हुनुहुन्न । उहाँसित सम्पर्क राखी वास्तविक कुरा राम्ररी नबुझिकन, एक्कासी तपाईंलाई उहाँकहाँ लैजानु पनि उचित भएन । त्यसैले नै आज एक रात तपाईंले यहाँ बिताउनु परिरहेको छ । भोलि उहाँसँग सम्पर्क राखेर उचित व्यवस्था गरिने नै छ । आज एक रात तपाईंले अरू जिद्दी गर्न छोडेर यहीं रात बिताउनुपर्छ । आजको लागि तपाईं जस्तो शीलवतीका लागि सबैभन्दा सुरक्षित स्थान यही थाना हुन गएको छ । यस्मा तपाईंले अन्यथा सम्झिदिनु भएन ।"

त्यसरी वास्तविकता सम्झिसकेपछि धम्मवतीले फेरि पनि एकोहोरो जिद्दी गरिहनु उचित देखिएन । त्यसैले नचाहँदा नचाहँदै पनि त्यो एक रात थानामै बिताउनुमा धम्मवती विवश भई ।

कारागार दुर्गन्धले भरपुर थियो । ओढ्ने ओछ्याउने सबै मैला थिए । चारैतिर लामखुट्टेको रजाइँ थियो । कोठामा भएका उड्स देखिनसक्ने प्रकाश कोठामा नभए पनि उनीहरूको टोकाइले तिनीहरूको अस्तित्वबोध राम्ररी भइरहेको थियो । निद्रालाग्ने कुरै थिएन । सिंगो रात उठ्बस र हिंड्डुलमा बिताउन बाध्य हुनुपर्‍यो ।

कोठाको अर्को कुनातिरबाट आइरहेको कानेखुसीका स्वरहरूले कोठामा अन्य कैदीहरू पनि छन् भन्ने कुरो थाहा दिइरहेको थियो । अनि उनीहरू पनि त्यही लामखुट्टे, उड्स, उपियाँ आदिको टोकाइले हो वा अन्य कुनै कारणले हो निदाउन सकिरहेका छैनन् भन्ने कुरो पनि त्यही कानेखुसीले बोध गराइरहेको थियो । यदि आफू र ती कैदीहरूको माझमा भाषाको समस्याको रूपमा खडा भइरहेको पर्खाल नभएको भए शायद धम्मवतीले उनीहरूको कानेखुसीमा सहभागी हुन गएर आफ्नो मनको व्यथा केही हलुको गर्ने थिई ।

रातको अन्धकारलाई प्रभातको किरणले गलहटी लगाएर पठाएपछि कोठाका अन्य कैदीहरूले धम्मवती एउटी विदेशी शीलवती पो रहिछे भन्ने कुरो ठम्याउन सके । तब उनीहरू धम्मवतीसित कुराकानी गर्न अग्रसर भए । यसरी कुरा गर्न आएका ती कैदीहरूले धम्मवतीको अनौठो पहिरणको कारण उनीहरूले कसरी सिंगै रात धम्मवती देखि  सशंकित भएर बिताउनु पर्‍यो भन्ने कुरा सम्झाएर पेट मिचिमिची हाँसे ।

"के तिमी हिन्दी बोल्छौ ?" – कैदीहरूलाई बिहानको खान दिन आएकी एउटी कर्मचारीले धम्मवतीसँग सोधी । धम्मवतीको शारीरिक बनोट र पहिरणबाट धम्मवती भारततिरबाट आएकी एउटी शीलवती हौली भन्ने कुरो अन्दाज गरेर उक्त प्रश्न हिन्दीमा सोधेकी थिई । उसको प्रश्न सुनेर धम्मवतीलाई ढुङ्गा खोज्दा देउता पाए जस्तो भयो । उसलाई आफ्नो वृतान्त सुनाएर उसको उत्सुकता मेटाइसकेपछि धम्मवतीले अन्तमा उसबाट केही सहयोग पाउने आशामा उसलाई यसरी भनी– "के तिमीले म यसरी थुनामा परेकी छु भन्ने कुरो महालेखापरिक्षक ऊ सांल्वींलाई सुनाइदिन सक्छौ ? तिमीले मेरो कुरा उहाँसम्म पुर्‍याइदियौ भने उहाँले अवश्य पनि मेरो छुटकाराको सम्बन्धमा केही गर्नुहुनेछ । किनभने म अहिले यहाँ छ भन्ने कुरा उहाँलाई जानकारी नभएपनि मेरो उद्वार गर्ने सम्बन्धमा उहाँलाई पहिले नै अरूबाट अनुरोध भइसकेको छ ।"

"महालेखापरिक्षक ऊ सांल्वीं ... ... मैले उहाँको घर देखेकी छु । मैले आजै तपाइँको कुरो उहाँसम्म पुर्‍याइदिने प्रयत्न गर्नेछु । तपाईं ढुक्क भएर बस्नुभए हुन्छ ।"

त्यस कर्मचारीबाट त्यस प्रकारको आश्वासन पाएर धम्मवतीको मनस्थिति केही शान्त भयो । तर ऊ सांल्वीको प्रतिक्षामा बस्दाबस्दै मध्यान्ह भइसक्दा पनि ऊ सांल्वी को त के कुरो, उहाँको तर्फबाट कुनै सन्देशसम्म पनि आएन । त्यसैले धम्मवती झन झन गहिरो चिन्तामा डुब्दै गई । यसरी चिन्तित हुँदै गइरहेकी धम्मवतीलाई पछिबाट, धार्मिक मन्त्रालयबाट खटी आएका दुईजना कर्मचारीहरूले भेट्न आए । धम्मवतीबाट सबै कुरो बुझिसकेपछि उनीहरूले धम्मवतीलाई रंगून शहरको हंसावती स्थित म्याँ आउँ नामको शीलवतीहरू रहने विहारमा आश्रय दिलाइदिने निधो गरे । धम्मवतीलाई थानाबाट छुटाएर लिएर उनीहरू उक्त विहाराधिपतिको दाजु ऊ भातांको घरमा पुगे ।

धार्मिक मन्त्रालयका कर्मचारीहरूले ऊ भातांको घरमा छोडेर गएपछि धम्मवतीले छुट्काराको सास फेरी । म्याँ आउँ विहारमा जानु भन्दा पहिले एकपल्ट महालेखा परिक्षक ऊ सांल्वीसँग भेट्ने आफ्नो इच्छा धम्मवतीले सहृदयी ऊ भातांलाई सुनाई । स्थविर धम्मावुधले ऊ सांल्वींको नाममा लेखेर दिएको पत्र पनि उसलाई देखाई । तब ऊ भातांले धम्मवतीलाई यसरी भन्यो– "ठीक छ । म आजै तपाईंलाई लिएर ऊ सांल्वीको घरमा जानेछु । तर त्यसको लागि सर्वप्रथम उहाँसित फोन गरी भरे साँझतिरको समय लिनु उचित हुनेछ । त्यतिञ्जेलसम्म म तपाईंलाई यस रंगून शहर स्थित केही दर्शनीय धार्मिक स्थलहरूको दर्शन गराइदिने व्यवस्था गर्नेछु ।"

ऊ भातांले धम्मवतीलाई दिनभर रंगून स्थित केही दर्शनिय चैत्यहरूको दर्शन गराउन लग्यो । रंगून स्थित विश्व प्रसिद्ध स्वेदगौं चैत्यको दर्शन गर्न पाउँदा धम्मवतीले गृह त्याग गरेदेखिनको सम्पूर्ण दु:ख-कष्ट बिर्साइदिई । उसले त्यस चैत्य स्थित बुद्धप्रतिमालाई वन्दना गर्दै यस प्रकारले प्रार्थना गरी– "तथागत सम्यक सम्बुद्धको त्रिविध शासन राम्ररी पढेर-सम्झेर बुद्ध शासनमा निरन्तर सेवा

पुऱ्याउनमा समर्थ होऊँ ।"

साँझसम्ममा दर्शनकार्य सकाएर ऊ भाताले धम्मवतीलाई ऊ सांल्वींको घरमा लग्यो । ऊ सांल्वीं र उनको श्रीमती उनीहरूको प्रतिक्षामा बसिरहेका थिए । कुशल वार्तापछि ऊ सांल्वींले धम्मवतीलाई यसरी सान्त्वना दिए– "मैले तपाईंको राहदानी र भिसा सम्बन्धी मुद्दा मात्र यता पठाउन मागि पठाएको थिएँ । तर तपाईंलाई नै यतातिर पठाइदिएछ । तपाईंले नाहकमा एक रात जेलमा बिताउनु पर्ने थिएन । जे हुनु भई नै सकेको छ । अबलाई फेरि केही पनि चिन्ता लिनुपर्ने छैन । सबै व्यवस्था हुनेछ । सयादो ऊ धम्मावुध पनि केही दिनमै यहाँ आइपुग्नुहुने खबर आएको छ । उहाँ पाल्नु भएपछि समस्या झन सरल हुनेछ । सम्पूर्ण समस्या हल नभएसम्म तपाईं मेरो पाहुनाको रूपमा यही घरमा रहनु हुनेछ ।"

यसरी धम्मवतीको लागि सम्पूर्ण व्यवस्था तय भए पछि, चाहिएमा आफूले पनि सक्दो सहयोग दिने वचन दिएर, ऊ भातां बिदा भयो । त्यसरी धम्मवतीको कष्टमय धर्मयात्रा टुंगियो । *क्रमशः अर्को अङ्कमा ...*

## *आवरण चित्र परिचयको बाँकी अंश ... ...*

महशूस गर्न थाले । जुन गृहस्थ व्यक्ति भिक्षु बनेका थिए, उनीहरू स्वयंले भवसंसारबाट मुक्ति मार्गतर्फ अगाडि बढ्ने क्षमता पाए । उनीहरू मध्ये कोही भिक्षुहरूले अरूहरूलाई समेत मार्ग निर्देशन गर्ने क्षमता प्राप्त गर्न थाले । कतिपय मानिसहरू गृहस्थ जीवनमा नै भगवान् बुद्धको अनुयायी हुन थाले । उहाँले बताउनु भएको मार्गमा चल्दै उनीहरूको जीवन बदलिंदै गए । जँड्याहाहरूले मद्यपान गर्ने कुवानी त्याग्न थाले । जुवाडेहरूले जुवा खेल्ने कुवानी त्यागे । व्यभिचारीहरूले पनि व्यभिचार गर्ने कुवानी त्याग्नथाले । रिसाहा क्रोधी व्यक्तिहरूले रिसाउने क्रोधी बानी त्याग्न थाले । द्वेषभावनाले भ्रष्ट व्यक्तिहरूले द्वेषभाव राख्ने कुवानी त्याग्न थाले । यसरी सबै आ-आफ्ना मनका विकारहरू र वन्धनहरूबाट छुटकारा पाउन सक्षम भए । दुःखबाट मुक्त हुन थाले । यस घटनाले मानिसहरूको विरोध स्वतः शान्त हुन थाले । निन्दा स्वतः बन्द हुन थाल्यो ।

विपरित परिस्थितिहरूबाट अलिकति पनि विचलित नभई धैर्य र सहिष्णुतापूर्वक व्यवहार गर्न सकियो भने यसको फल मीठो हुँदो रहेछ ।

**"यो ओगहणे थम्भोरिवाभिजायति**
**यास्मिं परे वाचापरियन्तं वदन्ति**
**तं वीतरागं सुसमाहितिन्द्रियं,**
**तं वापि धीरा मुनिं वेदयन्ति ।"**

*- सुत्तनिपात १.२१६*

जसरी पानी भर्ने स्थानमा महिला पुरुषहरू पानी भर्न आउँदा नाना थरीका अरूको निन्दा प्रशंसाका चर्चा गरिरहन्छन्, तर त्यहाँ ठड्याइएको स्तम्भलाई उनीहरूको निन्दा प्रशंसायुक्त वेकारका कुराको कुनै महत्व रहँदैन अर्थात् त्यस कुराले उक्त स्तम्भलाई केही असर पार्न सक्दैन, त्यसरी नै वीतराग र संयतइन्द्रिय भएका व्यक्ति उपर अरू व्यक्तिले गरेको नानाथरीको कुराले असर पार्न सक्दैन । यस्तो व्यक्तिहरूलाईनै ज्ञानीजनले मुनी भन्ने गर्छन् । ■



## धम्मवती गुरुमांयात भिंतुना देछाना !

**भिंतुना दु**
**श्रद्धेय धम्मवती गुरुमांयात**
**९१ दँ बुदिंया उपलक्षे**

**मांया ल्यू मां जुया बिज्याःम्ह**
**सकसियां योम्ह मां खः धम्मवती गुरुमां**
**मैत्री, करुणा, मुदिता व उपेक्षा**
**चतुर्बह्म विहार गुणं जाःम्ह गुरुमां**
**बुद्ध शिक्षा यक्कों**
**कनाबिज्याइम्ह गुरुमां**
**भिन्तुना दु छःपिन्त**
**जिमि योम्ह गुरुमां**



**✍ ऐश्वर्य लक्ष्मी ताम्राकार**
*ठँहिटी*



धम्मपद

# मार्ग वर्ग



भावानुवाद : **सत्यमोहन जोशी**

मार्ग मध्ये महाश्रेष्ठ अष्टांगिक जुया च्वन
सत्य मध्ये महाश्रेष्ठ आर्य सत्य जुया च्वन
धर्म मध्ये महाश्रेष्ठ वैराग्यहे जुया च्वन
व्यक्ति मध्ये महाश्रेष्ठ चक्षुमान्हे जुया च्वन ! ॥१॥

ज्ञानया प्राप्तिया लागि मार्ग छगू थ्व केवल
भिक्षुपिं ! ज्वं थ्वहे मार्ग, मारयात त्याकि थुईका थन ॥२॥

थ्वहे मार्ग ज्वना जूसा अन्त ज्वी दुःख धैगु व
बाणथें दुःख सीका थौं कना जिं थन मार्ग थ्व ॥३॥

यायमा ज्या थःगु थम्हंहे मार्ग क्योंथें तथागतं
थ्वहे मार्ग ज्वना जूसा छुतय् ज्वी मार बन्धनं ॥४॥

'अनित्य फुक्क संस्कार' धका प्रज्ञां खनीबले
ज्वी सो विरक्त संसारं, विशुद्धि मार्ग खः थ्वहे ॥५॥

'दुःख खः फुक्क संसार' धका प्रज्ञां खनीबले
ज्वी सो विरक्र संसारं विशुद्धि मार्ग खः थ्वहे ॥६॥

'अनात्म खः फुक्कं धर्म' धका प्रज्ञां खनीबले
ज्वी सो विरक्त संसारं, विशुद्धि मार्ग खः थ्वहे ॥७॥

याय्मागु बखते भिंगु उद्योग छुं मया सुनां,
युवा व बलवान् जूसां आलस्य तै मने सुनां
मने म्वाम्वागु संकल्पं भरेयाना च्वनी सुनां
प्रज्ञा मार्ग मजू प्राप्ति थुजोम्ह व्यक्तिया छतां ॥८॥

वाणी रक्षा सुनां याई, मने संयम तै सुनां
प्राणी हिंसादिया पाप शारीरिकं मया सुनां
स्वंगू थ्व कर्ममा मार्ग शुद्ध याई हनं सुनां
वने फै व्यक्ति मार्गे व तःगु तथागतं कना ! ॥९॥

योगं ज्वी ज्ञानया बृद्धि, अयोगं क्षय ज्ञानया
निगू थ्व मार्ग सीकालि उत्पत्ति व विनाशया
निगू मध्ये छगू मार्गे उगुली थःत ती सधां
गन ज्वी बृद्धि प्रज्ञाया भिंजुक्को मनसं मुना ॥१०॥

वन छेदन याः बृक्ष मखु वन जुई भय
भिक्षु निर्वाण दै यासा वन व झाड छेदन ॥११॥

झा झी छिंका मछोतल्ले मभिंगु बृद्धि ज्वी गन
अणुमात्रं मिसायके कामना जुतले अन
प्रतिवद्ध जुया चोनी सदैव व्यक्तिया मन
सायाकेथे मचा साया दुरु निम्तिं सधां अन ॥१२॥

यरद्–कुमुद तोथूथें; वाँछ्वो स्नेह मने दुगु
बुद्धं ब्यूगु ज्वना मार्ग निर्वाण ज्वीगु सो उगु ॥१३॥

वर्षा, हेमन्तया बास थन याय् अन याय् धका
थथे मूर्ख विचा या ज्वी, मखं वं विघ्न ज्वी धका ॥१४॥

पशु व पुत्रया लागि आसक्तपिं ज्वनी यमं
न्ह्यो वेका च्वंगु गाँयात यंकुथें बाः वया लखं ॥१५॥

न काय् म्ह्याय्नं बचे याय्फु, न मांबौनं न बान्धवं
मृत्यु ज्वनीबले सो सो, मजू रक्षा सुनां गनं ! ॥१६॥

थ्वहे कारण सीकालि शीलवान् जूम्ह पण्डित
वनेगु मार्ग निर्वाणे याय्मा सो शुद्ध याकनं ॥१७॥





# असाधारण व्यक्तित्वकी धनी भिक्षुणी धम्मवती

✍ प्रेमलक्ष्मी तुलाधर, डत

भिक्षुणी धम्मवती भन्नासाथ हामी सबैको अगाडि एक अदम्य साहसी, निडर, निःस्वार्थ, समताको प्रतिमूर्ति, धर्म विदुषी, शीलाचारी र धर्माचारी व्यक्तित्व ज्ञात हुन्छ। उहाँ सासनधज धम्माचरिय अग्गमहागन्थवाचक पण्डित र भाषाथुवाः जस्ता अनेकौं पदवीले विभुषित हुनुहुन्छ।



नेपालमा बुद्ध शासनलाई चिरस्थायी तुल्याउन अहोरात्र सक्रिय उहाँ दया, माया र करुणाको प्रतिमूर्ति हुनुहुन्छ। उहाँ के हो ? को हो ? कस्तो व्यक्तित्व हुनुहुन्छ ? उहाँबारे मैले बुझेको कुराहरूलाई प्रमुख बुँदाको रूपमा प्रस्तुत गर्ने प्रयत्न गरेको छु।

१) उहाँ धम्मवती गुरुमां वि.सं. १९९१ साल असार पूर्णिमाको दिन पिता हर्षमान शाक्य र माता हेराथंकु शाक्यको कोखबाट पुत्रीरत्नको रूपमा ललितपुरको ओकुबहालमा जन्मनु भएको थियो।

२) १४ वर्षको उमेरमा आमा र दाईलाई मात्र जानकारी गराएर पैदल यात्रा गरि बुद्ध धर्म अध्ययन गर्न बर्मा जानुभएको थियो। तर बौद्ध धर्म अध्ययन गर्न बर्मा जान लागेको विषयमा उहाँको पिता बेखवर हुनुहुन्थ्यो। बर्मा पुग्नु अगाडि भारतको कुशिनगरमा बर्मेली भिक्षु धम्माबुध भन्तेको गुरुत्वमा प्रव्रजित हुनुभएको थियो।

३) कुशल वाकसिद्धि कलाका कारण उहाँलाई बर्मामै बस्न आग्रह गरिएको थियो। तर उहाँ बुद्ध धर्म प्रचार र घरभित्र सीमित नेपाली महिलाहरूलाई जागरूक गर्न स्वदेश फर्कने निर्णय गर्दै दो गुणवती गुरुमांको साथमा वि.सं. २०२० सालमा नेपाल फर्किनुभयो।

४) नेपाल फर्कने बित्तिकै उहाँले विभिन्न ठाउँमा धार्मिक प्रवचन दिनु प्रारम्भ गर्नुभयो। बुद्धको उपदेशलाई सरल, सहज र मिहिन ढंगबाट व्याख्या गर्ने उहाँको कलात्मक प्रस्तुतिलाई अनगिन्ति मानिसले रूचाउन थाले। उहाँको चर्चाले शहर तात्न थाल्यो। कतिपय मानिसहरू उहाँको प्रवचन सुन्न लालायित हुनथाले। अन्धकारमा रूमल्लिएका मानिसहरूलाई उहाँको उपदेश अमृतसमान बन्न पुग्यो। जसको माध्यमबाट असंख्य मानिसहरू धर्मको ज्ञानबाट तृप्त बन्न पुगे। विस्तारै उहाँ एक विख्यात धर्मगुरुको रूपमा परिचित हुनुभयो।

५) नेपालको भिक्षुणीहरूमध्ये उच्च स्थानमा प्रतिस्थापित उहाँ बहुआयामिक, प्रतिभाशाली र सर्वगुण सम्पन्न हुनुहुन्छ। उहाँको शिक्षणविधि अत्यन्त प्रभावकारी र व्यवहारिक रहेको छ। उहाँले आफ्नो प्रवचनमा बालबालिकालाई विशेष जोड दिने गर्नुभएको छ। बालबालिकाहरू देशका कर्णधार हुन् र बच्चादेखि नै राम्रो शिक्षा दियो भने भविष्यमा कर्तव्यनिष्ठ, इमान्दार र जिम्मेवार भएर आमाबाबुको साहारा हुन्छन् र साथै देशको निम्ति पनि सार्थक योगदान दिन सक्षम हुन्छन् भन्ने उहाँको धारणा छ।

६) प्रायःजसो नेपाली समाजमा महिलाहरूलाई महिनावारी भएको समयमा पूजापाठ लगायत अनेक प्रकारका गतिविधि गर्नबाट बन्चित गर्ने गरिएको छ। उहाँ यस्तो प्रतिबन्धलाई अन्धविश्वासको रूपमा लिनुहुन्छ।

महिनावारी प्राकृतिक नियम भएकाले पूजापाठ

लगायतका कुनै पनि कार्य गर्नमा रोक्न नहुने उहाँको मान्यता छ। उहाँ एक स्पष्ट, प्रेरणादायी र कुशल मार्गदर्शक हुनुहुन्छ।

७) वाकसिद्धि, अभिधम्मको ज्ञाता, बौद्ध ग्रन्थ कण्ठस्थ गर्न सक्ने, लोकुत्तर धर्म बुझेको, शुद्ध रूपले बोल्ने र सबैभन्दा अग्रज पण्डित गुण भएको कारणले उहाँ बर्मा सरकारबाट २०५१ सालमा अग्गमहागन्थवाचक पण्डतको उच्च उपाधिबाट सम्मानित हुनुभएको थियो। उक्त उपाधिबाट सम्मानित हुने उहाँ नेपालकै पहिलो महिला हुनुहुन्छ।

८) पढ्न, लेख्न नजान्ने मानिसहरूलाई वोर्डमा क,ख लेखेर उहाँले सिकाउने गर्नुभएको थियो। प्रौढ कक्षाको माध्यमबाट जाँचमा पास हुनेलाई प्रोत्साहन स्वरूप उपहार दिएर हौसला प्रदान गर्नु उहाँको विशेषता रहेको छ।

९) घरायसी र पारिवारिक कलहमा रूमल्लिएका परिवारलाई बुद्ध शिक्षाको माध्यमबाट मेलमिलाप गराउने कार्यमा उहाँको उच्च क्षमता रहेको छ।

१०) धर्मप्रचार गर्नका लागि दिवंगत आफन्त र जन्मदिनको अवसरमा फोटोसहितको पुस्तक प्रकाशन गर्न उहाँले समूह खडा गर्नुभएको छ। धर्मदानजस्तो महत्वपूर्ण र पुण्य कार्यमा उहाँले मानिसहरूलाई प्रेरित गर्दै आउनु भएको छ। उहाँकै सक्रियतामा दर्जनौं पुस्तकहरू प्रकाशन भएका छन्। यसरी बौद्ध किताब निकाल्ने धर्मकीर्ति पहिलो विहार हो।

११) विहारमा सबै वर्गका मानिसहरू आउने र सबैमा समानताको भाव जागोस् भन्ने अभिप्रायले बुद्ध पूजामा आउनेहरूलाई चारकुने सारी, ढाकाको चोलो र ढाकाको खाष्टोको प्रबन्ध गर्नुभएको छ। नेपाली कपडाको पोशाक राख्ने धर्मकीर्ति नै पहिलो विहार हो। नेपालमै उत्पादन भएको कपडा प्रयोग गर्न प्रेरित गरेर उहाँले देशको आर्थिक अवस्थालाई टेवा पुऱ्याउन प्रयत्न गर्नुभएको छ।

१२) आफ्नो मातृभाषाप्रति उहाँको उच्च सम्मान छ। उहाँले विगत लामो समयदेखि नेपाल भाषाबाट धर्मकीर्ति पत्रिकाको प्रकाशन गर्दै आउनु भएको छ। त्यसैले उहाँ भाषाथुवाःको उपाधिबाट पनि विभूषित हुनुभएको छ। नेपाल भाषाबाट किताब छपाउने उहाँ पहिलो महिला व्यक्तित्व हुनुहुन्छ।

१३) लुम्बिनीमा पहिलो गौतमी थेरवाद बुद्ध विहार बनाउने उहाँ नै हो। उक्त विहार बनाउन उहाँले अनेक संघर्ष गर्नुभएको सबैलाई अवगत छ। युवाहरूलाई बुद्ध शिक्षाको माध्यमबाट धर्मप्रचारका लागि प्रेरित गर्न धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना गर्नुभयो। जसले गर्दा धेरै युवाहरू असल नागरिक बन्न सफल भएका छन्। यो कार्यमा भिक्षु अश्वघोष र दो गुणवती गुरुमांको पनि ठूलो योगदान रहेको छ। यस्तै उहाँले व्यक्तित्व विकास, शीपमूलक तालिम, हस्तकला उत्पादन, त्यसको प्रदर्शन, बौद्ध हाजिरीजवाफ प्रतियोगिता, बुद्धकालीन कथावस्तुमा आधारित नाटक निर्माण र प्रदर्शन, पुस्तकालयको सञ्चालन, अति नै महत्वपूर्ण अभिधम्म कक्षाको प्रारम्भ, डिजिटल भिडियो उत्पादन र त्यसको माध्यमबाट धर्म प्रचार गर्ने आदि कार्यमा उहाँले ऐतिहासिक सफलता प्राप्त गर्नुभएको छ।

१४) इमेज च्यानलमा अभिधम्म विषयमा प्रवचन दिने उहाँ पहिलो व्यक्तित्व हुनुहुन्छ। वृद्ध-वृद्धाको निम्ति निःशुल्क स्वास्थ्य क्लिनिक, अल्पकालिन ऋषिणी प्रव्रज्या, बौद्ध देशहरूको धार्मिक भ्रमण, विहारको गतिविधिलाई व्यवस्थित गर्न विभिन्न समूहको गठन, ज्ञानमाला भजन समूहको स्थापना, सरसफाइ अभियान आदि क्रियाकलापमा उहाँले दूरगामी सफलता हासिल गर्नुभएको छ। उहाँकै कुशल र सक्षम नेतृत्वका कारण धर्मकीर्ति नेपालकै उत्कृष्ट विहार बन्न सफल भएको छ। पुस्तक लेखन र प्रकाशनमा सक्रिय उहाँले धर्मकीर्तिको शाखाको रूपमा विभिन्न ठाउँमा विहारहरू निर्माण गर्नुभएको छ।

बुद्ध शासनको उन्नतिका निम्ति अनेक कार्यहरू गरेर बुद्धकी छोरी शाक्यधिता बन्न सफल गुरुमां हामी सबैको प्रेरणा र गौरव हुनुहुन्छ। उहाँलाई बौद्धहरूले मात्र होइन, सबै नेपालीले बुझ्न जरूरी छ। त्यसैले अब नेपाल सरकारले गुरुमांको जीवनी हरेक स्कूल र कलेजको पाठ्य पुस्तकमा समाविष्ट गरोस् भन्ने कामना पनि गर्दछु। यो गर्नु गुरुमांप्रतिको ठूलो सम्मान हो। यो देशको लागि पनि गौरवको विषय हो। अतः असाधारण व्यक्तित्वकी धनी पूजनीय धम्मवती गुरुमांलाई दीर्घायु, निरोगी तथा सुस्वास्थ्यको मंगलमय शुभकामना अर्पण गर्दछु। ■



# धर्म शब्दको अर्थः एक अध्ययन–५

✍ **कुसलज्ञाणी गुरुमां**
*रत्न विपश्यना विहार*

**२. सहम्पत्ति ब्रह्माको याचना :**

भगवान् बुद्धले बुद्धत्व लाभ गर्नु भएर सात सप्ताहसम्म बोधिवृक्षको वरिपरि नै बस्नु भई विमुक्ति सुखलाई अनुभव गर्नु भयो । उहाँले यो गम्भिर देशनालाई प्रत्यवेक्षण गर्दा सबै बुद्धहरूले बारम्बार अभ्यस्त भएको साँच्चै, मैले यो धर्म साक्षात्कार गरे भनी अरूलाई धर्म देशना नगर्ने वितर्क इच्छा उत्पन्न भयो । त्यो बेलामा सहम्पतिले “भो, साँच्चै लोक नाश हुन्छ, भो, साँच्चै लोक विनाश हुन्छ”[९६] भनी दशहजार चक्रवालका शक्र, सुयाम, सन्तुषित, शुभनिर्मितवशवर्ती र महाब्रह्मा लिएर शास्ताको नजिक गएर **“देसेतु, भन्ते, भगवा धम्म”न्ति आदिना नयेन धम्मदेसनं आयाचि ।**[९७] भन्ते, भगवान् धर्म देशना गर्नु होस् भनी आदि विधिले धर्मदेशना प्रार्थना गर्नु भयो । यस प्रार्थनामा धर्मलाई परियत्तिको अर्थमा बुझ्न सकिन्छ । शास्ताले सहम्पति ब्रह्मालाई वचन दिनु भई कसलाई प्रथम धर्म देशना गरुँ भनी विचार गर्नु भयो ।

**३. धम्मं सरणं गच्छामि :**

शाक्यमुनि बुद्धको द्वैवाचिक उपासकको रूपमा तपुस्सभल्लिकलाई लिईन्छ । संघको उत्पत्ति पूर्व नै उक्कलाजनपदबाट आएका दुई दाजुभाई व्यापारीहरूले भगवान् बुद्धलाई मह र सत्तु दान दिएका थिए । त्यस्तै बुद्ध र धर्मको शरणमा गएका थिए । यहाँ धर्मको शरणमा जान्छु भन्दा धर्म शब्दको अर्थ गुणको हिसाबमा बुझ्नु पर्दछ । धर्मका ६वटा गुणको आधारमा अधर्मले नरकमा लग्दछ र धर्मले सुगतिमा पुऱ्याइ दिन्छ भन्ने विश्वासका साथ धर्मको शरणमा जान्छु भनेको मेरो बुझाई छ । त्रिशरण गमन गर्दा सर्वप्रथम बुद्धको शरणमा जानुपर्दछ भने दोस्रो धर्मको शरणमा जानुपर्दछ । किनभने धर्म भगवान् बुद्धमा उत्पन्न भएर उहाँले देशना गर्नु भएकोले बुद्ध पछि धर्मको शरणमा जानु पर्दछ ।

**४. धर्मचक्रप्रवर्तन सूत्रमा :**

**पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि**[९८] पहिला नसुनेका धर्महरूमा चक्षु उत्पन्न भयो । बोधिसत्व सिद्धार्थले राजदरवारमा काम सुखमा रमाउँदा र आफ्नो शरीरलाई घोर दुःख दिई ६ वर्षसम्म अभ्यास गर्दा पनि चतुरार्यसत्य धर्मलाई बुझ्नु भएन । बोधिवृक्षको मुनि विपश्यना ध्यान अभ्यास गर्दागर्दै बोधिज्ञान लाभ गर्नु भयो । यसरी पहिला नसुनेका धर्महरू भन्नाले दुःख आर्यसत्य, दुःख समुदय आर्यसत्य, दुःख निरोध आर्यसत्य र दुःख निरोधगामिनीपतिपदा आर्यसत्यलाई तीनपरिवर्त र बाह्र आकारले यथाभूत ज्ञान दर्शनले बुझ्नु भयो । तीनपरिवर्त भनी सत्य ज्ञान, कृत्य ज्ञान र कृत ज्ञानलाई भनेको हो । **यं किञ्चि समुदयधम्मं, सब्बं तं निरोधधम्मन्ति**[९] जुन कुनै उत्पन्न हुने(कारण) धर्म हुन्, ती सबै निरोध हुने धर्म हुन् । यहाँ धर्मको अर्थ स्वभावको रूपमा दर्शाएको छ । **धम्मचक्खु उदपादि**[१००] धर्म चक्षु उत्पन्न भयो । यहाँ धर्म चक्षुको अर्थ प्रज्ञा उत्पन्न भयो भन्ने अर्थ बुझ्नु पर्दछ । यसरी धर्मचक्रप्रवर्तन देशनाद्वारा पञ्चवर्गीय भिक्षुहरूमध्ये कोण्डन्य स्रोतापन्न हुनु भयो । **धम्मचक्के भुम्मा देवा सद्दमनुस्सावेसुं**[१०१] धर्मचक्रप्रवर्तन

९६ भिक्षु धर्मगुप्त, निदानकथा, ललितपुरः सिद्धि गोविन्द महर्जन, २०७८, पृ. ९८ ।
९७ जातकट्ठकथा (प.), पृ. ९३, तिपिटक पालि रीडर एप्लिकेशन ।
९८ पूर्वोक्त पादटिप्पणी नं. ५२, पृ. ३७ ।
९९ ऐजन, पृ. ३९ ।
१०० ऐजन ।
१०१ ऐजन ।



गर्नु भएको बेलामा भूमि देवताहरूले शब्द उद्घोष गरे । यहाँ धर्मचक्रको अर्थ परियत्ति, स्वभाव, सत्य, प्रकृति आदिको रूपमा दर्शाएको छ ।

**५. दसधम्म सुत्त :**

महापरित्राणको छैठौं नम्बरमा दसधम्म सुत्त पर्दछ । यसमा दश प्रकारका धर्महरूलाई देखाएका छन् । तथागतले प्रव्रजितहरूलाई प्रतिदिन अखण्डरूपले यस दश धर्मलाई प्रत्यवेक्षण गरी बस्नको लागि उपदेश दिनु भएको थियो । उदाहरणको लागि: **वेवण्णियम्हि अज्झूपगतोति पब्बजितेन अभिण्हं पच्चवेक्खितब्बं ।**[१०२] म विरूपतिर गइरहेको छु भनी प्रव्रजितले सधै प्रत्यवेक्षण गर्नु पर्दछ । यहाँ धर्म शब्दलाई जानुपर्ने धर्मको रूपमा व्याख्या गर्न सकिन्छ ।

**६. धम्मादासधम्मपरियाय :**

महापरिनिर्वाण सूत्रमा आनन्द भन्तेलाई सम्बोधन गर्नु भई धर्मरूपी ऐना भन्ने धर्म पर्यायलाई देशना गर्नु हुन्छ । जुन धर्मको ज्ञानले युक्त आर्य श्रावकले चाहन्छ भने आफूले नै आफ्नो बारेमा भन्न सक्छ –

**'खीणनिरयोम्हि खीणतिरच्छानयोनि खीणपेत्तिविसयो**
**खीणापायदुग्गतिविनिपातो, सोतापन्नोहमस्मि**
**अविनिपातधम्मो नियतो सम्बोधिपरायणो'ति ।**[१०३]

अर्थात् – नरक क्षीण गरी सकें, पशुपन्छी योनि क्षीण गरी सकें, प्रेत विषय क्षीण सकें, अपायदुर्गतिविनिपात क्षीण गरी सकें, म श्रोतापन्न भई सकें, एकान्त रूपमा नै यो पतन नहुने र निर्वाण परायण हो । आर्य श्रावक बुद्ध, धर्म, सङ्घमा प्रसन्न चित्तले अटल श्रद्धाले युक्त हुन्छ र शीललाई अखण्ड रूपले, निर्दोष,निर्मल, दागरहित, सेवनीय, विज्ञद्वारा प्रशंसित आर्यकान्त समाधिको नजिक जान योग्य शीलले सम्पन्न हुन्छ । यसरी यी चार गुणहरूले सम्पन्न भएको व्यक्तिलाई स्रोतापन्न आर्य पुद्गल भनिन्छ । यहाँ धर्मलाई गुणको अर्थमा व्याख्या गरिएको छ ।

*(क्रमश: अर्को अङ्कमा)*

१०२ पूर्वोक्त पादटिप्पणी नं. ५२, पृ. १२ ।
१०३ पूर्वोक्त पादटिप्पणी नं. ४५, पृ. ७९।




*पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु*
*पुण्य (कुशल कर्म) गर्दै जानु ।*
*आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥*
*यही नै बुद्धको उपदेश हो ।*

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4226625 / 4244173

**बिश्व मोटर ट्रेडर्स**
अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।
